# आई.पि.एम. कृषक पाठशाला संचालन कार्यविधि तथा नर्म्स, २०७५

**१. प्रस्तावना**

आधुनिक कृषि प्रविधि प्रसार गर्ने सशक्त माध्यम तथा स्थलको रुपमा उभिएको कृषक समूहलाई नै सम्भव भएसम्म कृषक पाठशालाको रुप दिई यिनीहरूकै माध्यमबाट आइ.पि.एम. (Integrated Pest Management) प्याकेज कार्यक्रम तरिका प्रर्दशन तथा उत्पादन प्रर्दशन कार्यक्रम सञ्चालन गरिन्छ ।

वातावरण र जनस्वास्थ्यमा बाली संरक्षणमा प्रयोग हुने विषादीको प्रतिकूल असरलाई न्यून पार्न एकीकृत शत्रुजीव व्यवस्थापन कार्यक्रम लागु गर्न विशेष प्राथमिकता दिएको छ । एकीकृत शत्रुजीव व्यवस्थापनको साश्वत सिद्धान्त अनुरुप वातावरणीय सन्तुलन कायम राखी रोग, कीरा तथा झारपात जस्ता बाली शत्रुहरुको व्यवस्थापन प्रविधिवारे निर्णय लिन सक्ने क्षमता कृषकहरुमा विकास गर्ने उद्देश्यले Seasonal वा वर्ष भरी नै विभिन्न बालीहरुमा बाली अवधिभरको आई.पि.एम. कृषक पाठशाला कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । उक्त कार्यक्रम स्थलगत कृषक अन्तरकृया गोष्ठी, स्थलगत तालिम सञ्चालन, आई.पि.एम. कृषक पाठशाला दिवस जस्ता कार्यक्रमहरु समावेश गरि सम्पन्न गर्नुपर्ने हुन्छ ।

**२. उद्देश्य**

- कृषकहरूलाई उनीहरूकै खेतवारीमा एकिकृत गरी बालीनालीको रोग कीरा नियन्त्रण गर्ने व्यवहारिक, प्रयोगात्मक र खोजपूर्ण तरिकाहरू अपनाई नियमित रुपले बाली वातावरण प्रणालीको अवलोकन र समूह छलफलको आधारमा आफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरूको समाधान गर्न दक्ष वनाउनु ।
- कृषिमा प्रमाणित भएका उन्नत प्रविधिहरु स्थलगत रुपमा सहभागितात्मक कृषि प्रसारको माध्यमबाट कृषि प्राविधिकहरुले कृषकहरुमा र कृषकबाट कृषकहरुमा नै जानकारी तथा चेतना जगाई प्रविधि हस्तान्तरणमा कृषक स्वयंलाई आ-आफ्नो खेतबारीमा कृषि पर्यावरण विश्लेषण (Agro-Ecosystem Analysis) गराई बाली संरक्षण गर्दा दिगो रुपमा पर्यावरणलाई जोगाई कृषि उत्पादनमा वृद्धि ल्याई खाद्य सुरक्षामा सहयोग गरि कृषक स्वंयलाई दक्ष बनाउनु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

**३. लक्षित वर्ग**

कृषक समूह/समुदाय

- ❖ कृषक पाठशाला संचालनका लागि कृषक समुह छनौट गर्दा यस अघि कम्तीमा २ बर्ष कृषक पाठशाला संचालन नभएका कृषक समुहलाई छनौट गर्ने ।
- ❖ कृषक पाठशाला संचालन गर्ने कृषक समुह छनौट गर्दा तरकारी खेती गर्ने पकेट क्षेत्रका कृषक समुहलाई प्राथमिकता दिईनेछ ।
- ❖ कृषक पाठशाला संचालन गर्ने कृषक समुह कृषि विकास शाखाबाट निकटम दुरीमा भएको, समुहमा भौतिक तथा अन्य सुविधा (समुहको आफ्नो भवन, जग्गाजमिन, सिचाँई, तथा अन्य सुविधा) भएको, सक्रिय समुहलाई प्राथमिकता दिईनेछ ।

**४. कार्य सञ्चालन र कार्यविधि**

- ❖ कृषक पाठशाला सञ्चालन गर्नु अगाडि आई.पि.एम्.सहजकर्ता (IPM Facilitator)/ आई.पि.एम. कृषक सहजकर्ता (IPM Farmer Facilitator), जनप्रतिनिधि, कृषि विकास शाखा प्रमुख, विषय विशेषज्ञ (SMS) समेत स्थलमा गई नगरले निर्धारण गरेका पकेट क्षेत्रहरुमा गठन भई सकेका, पुनर्गठन गर्नुपर्ने भए

सो गरि नयाँ कृषक, महिला वा मिश्रित समूहको समेत सहभागिता हुने गरि २५ जनाको कृषक समूह छनोट गर्न अन्तरक्रिया गोष्ठी गर्ने ।

- ❖ तुलनात्मक अध्ययन तथा परिक्षणहरु सञ्चालन गर्न आवश्यक जग्गा (अन्नबालीको लागि पहाडमा ५०० वर्ग मि., तराईमा १००० वर्ग मि. र आलु/तरकारीको लागि ५०० वर्ग मि. खेत/बारीको छनोट गर्ने र कृषकहरु जम्मा भई छलफल गर्ने स्थानको निर्धारण गर्ने ।
- ❖ आई.पि.एम. तालिम प्राप्त कृषक सहजकर्ता (Farmer facilitator) भएको नगरमा आई.पि.एम. कृषक पाठशाला कृषक सहजकर्ताहरुलाई करारनामा गराई जिम्मेवारी दिई सञ्चालन गराउने । तालिम प्राप्त कृषक सहजकर्ता भएको नगरमा मात्र यो कार्यक्रम सञ्चालन गर्ने ।
- ❖ १ वर्षभरी बढिमा ३ बालीमा, बाली अवधिभर कृषक समूहले निर्धारण गरेको हप्ताको एक दिन विहान ७ वजे देखि १२ बजे सम्म अध्ययन र तालिम सञ्चालन गर्ने ।
- ❖ हरेक बालीमा, बाली नभित्र्याउँदै अन्य कृषकहरुमा यस प्रविधिको विस्तार गर्ने उद्देश्य राखि आमन्त्रित पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थल भ्रमण, स्टल निरिक्षण, सांस्कृतिक कार्यक्रम नजर गराई कृषक दिवस मनाउँदा तथा अन्तिम बाली पछिको कृषक दिवसमा सहभागी कृषकहरुलाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह सञ्चालन गर्ने ।
- ❖ यस आई.पि.एम. कार्यक्रमलाई कृषक स्तरमा पुर्‍याई निरन्तरता र दिगो रुप दिन अर्को वर्ष देखि अनुसरण (Follow up) कार्यक्रम सञ्चालन गर्ने र यसको लागि कृषक र विज्ञान (Farmer & Science) कार्यक्रम, पोष्ट हार्भेष्ट प्रविधि सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

**४.३ पाठशाला सञ्चालन**

- ❖ कृषक पाठशालालाई एकिकृत शत्रुजीव व्यवस्थापन प्रविधि विकास एवं प्रयोगको थलोको रुपमा अघि वढाउन निम्न अनुसार कार्यक्रमहरूलाई एकिकृत रुपमा समेटिएको छ ।
- ❖ यस्ता कृषक पाठशालाहरूमा बाली संरक्षणको अलावा अन्य प्रविधिहरू जस्तैः एकिकृत माटो व्यवस्थापन, उत्पादनका उन्नत प्रविधिहरू सवै एकिकृत रुपमा लैजानुपर्नेछ ।

४.३.१ स्थलगत कृषक समूह अन्तरक्रिया गोष्ठी (१ पटक)

कृषक पाठशाला शुरुवाट गर्नु अगाडि प्राविधिक र कृषकहरूको उपस्थितिमा एक आपसमा अन्तरक्रिया गर्न स्थानीय वस्तु स्थिति, कृषकहरुको समस्या र आवश्यकताको आधारमा स्थलगत कृषक समूह अन्तरक्रिया गोष्ठी सञ्चालन गरिन्छ ।

**सहभागी संख्याः: ५०**

**सहभागीहरुः**

- कृषक सरोकारवालाहरु स्थानीय तहका अगुवाहरु ।
- स्थानीय निकायका (जस्तैः सरकारी, गैर सरकारी, समुदाय) प्रतिनिधिहरु, कृषि विकास शाखा प्राविधिकहरु, कृषक सहजकर्ताहरु ।

**कहिले गर्ने ? -** कृषक पाठशाला शुरु गर्नु अगावै ।

**समय/अवधिः** एक दिन ।

**पहिलो सेसन**

**क्रियाकलापहरुः**

- आई.पी.एम.कार्यक्रम र कृषक पाठशालाको बारेमा अभिमुखीकरण ।
- सघन योजनाद्वारा प्राप्त उपलब्धिको प्रस्तुती
- सरोकारवालाहरुको भूमिका र जिम्मेवारी बारे संक्षेपिकरण ।
- सरोकारवालाहरुबाट प्रतिबद्धता जाहेरी ।

**विधि/तरिका:** सहभागितात्मक छलफल ।

**आवश्यक सामाग्रीहरु:** ठूलो खैरो कागज, मार्कर, टास्ने टेप, मेटाकार्ड, रजिष्टर, सघन योजनाको प्रतिवेदन ।

**सञ्चालन विधि:**

- कृषकहरु, स्थानीय अगुवाहरु, सरोकारवालाहरुलाई बैठकको स्थान, मिति र समयबारे अग्रिम जानकारी गराउने ।
- बैठक सञ्चालन गर्ने ।
- सहभागीहरुलाई स्वागत गर्ने, परिचयात्मक कार्यक्रम गर्ने र उपस्थिति गराउने ।
- सघन योजनाबाट प्राप्त नतिजा/उपलब्धिको प्रस्तुतीकरण ।
- कृषक पाठशालाको बारेमा छोटो जानकारी र कृषक छनौटका आधारहरुबारे जानकारी गराउने ।
- कृषक पाठशालाका आधारभूत आवश्यकता, विशेषता र तरिकाको बारेमा सहभागितात्मक छलफल गर्ने ।
- प्रश्नोत्तर गरी सरोकारवालाहरुबाट प्रतिवद्धता लिने ।
- बैठकको संक्षेपीकरण ।
- बैठकको निर्णयलाई लिखित रुपमा राख्ने ।

## २. दोस्रो सेसन

**विधि:** सहभागितात्मक छलफल, समूह छलफल, लैङ्गिक विश्लेषण, बाली पात्रो तयार, प्रश्नोत्तर गर्ने ।

**आवश्यक सामग्री:-** ठूलो खैरो कागज, टाँस्ने टेप, मेटाकार्ड ।

**सञ्चालन विधि:**

१. लैङ्गिक विश्लेषण र समावेशी भूमिकाको विश्लेषणको लागि तालिकाको सहयोग लिने ।
२. समूहको मञ्जुरी अनुसार सहभागी, स्थान र जग्गा छनौट गर्ने ।
३. बाली/जातको प्राथमिकीकरण ।
४. समूह अभ्यास गरी बाली पात्रो तयार गर्ने ।
५. बाली पात्रोको विश्लेषणका आधारमा समस्या पहिचान गरी अनुसन्धान/परीक्षणहरु निश्चित गर्ने ।

## ३. तेस्रो सेसन

**क्रियाकलापहरु:**

- माटो परिक्षणको लागि नमूना संकलन ।
- सामाजिक-आर्थिक विश्लेषण ।
- व्यक्तिगत उद्यम योजना तयार गर्न लगाउने ।
- समूह विभाजन र टोली नेता छनौट ।
- नीति/नियमको निर्धारण ।
- दिन र समय निर्धारण ।

- अपेक्षा संकलन ।

**विधिः** फिल्ड कार्य, सहभागितात्मक छलफल, समूहमा छलफल, अन्तरक्रिया ।

**आवश्यक सामाग्रीहरुः-** सावेल, माटो नमूना संकलन गर्ने, अगर (औजार), प्लाष्टिक, ठूलो खैरो कागज, टाँस्ने टेप, मेटा कार्ड, मार्कर ।

**सञ्चालन विधिः**

- माटो परिक्षणको लागी नमूना संकलन गर्ने, संकलित माटोको नमूनालाई लेवलिङ्ग गरी परीक्षणको लागि प्रयोगशालामा पठाउने ।
- माटो परीक्षणको प्रतिवेदन अनुसार गर्ने ।
- विशेष फर्मेटको प्रयोग गरी स्रोत नक्सा, सामाजिक नक्सा, खाद्य सुरक्षाको स्थिति, परिवारको आकार, प्रति परिवार जग्गाको उपलब्धता, आयश्रोत आदिको जानकारी लिने ।
- टाउको गन्ने/चित्र काट्ने/जनावरको आवाज निकालेर उप-समूह विभाजन गर्ने ।
- छलफल गरी सहमतिका आधारमा नियम बनाउने ।
- छलफल गरी सहमतिकै आधारमा उपयुक्त दिन, समय, जग्गा र स्थान निर्धारण गर्ने ।
- मेटा कार्ड बाँड्ने र सहभागीहरुलाई आ-आफ्नो अपेक्षा लेख्न लगाउने ।

४.३.२ स्थलगत तालिम सञ्चालन

२० देखि २५ जनासम्म महिला तथा पुरुष कृषकहरू जम्मा गराई बाली अवधिमा नियमित रुपले व्यवहारिक तथा प्रयोगात्मक तालिम सम्भव भएसम्म बाली अवधिमा नै सञ्चालन गरिन्छ ।

४.३.३ कृषक पाठशाला दिवस

कृषक पाठशालाका सहभागी कृषकहरू, कार्यक्रम सञ्चालनमा संलग्न प्राविधिकहरू, जिल्ला/नगर स्तरीय कृषिसंग सम्बद्ध निकायहरू तथा आमन्त्रित व्यक्तिहरूको उपस्थितिमा कृषक पाठशाला कार्यक्रम बारे समीक्षा गरी भावी दिशा लिन यस्तो दिवस मनाईन्छ ।

४.३.४ आइ.पि.एम. बत्ति पासो (लाईट ट्रयाप) प्रदर्शन

वत्तीमा कीराका वयस्क पुतलीहरूलाई आकर्षित गराई पासोमा पारी नियन्त्रण गर्न प्रयोग गरिने यो प्रदर्शन स्थानीय समस्याको आधारमा सञ्चालन गरिन्छ । प्रदर्शनमा प्रयोग गरिने वत्तीको छनौट गर्दा समेत स्थानीय उपलब्ध श्रोतलाई दृष्टिगत गरिन्छ ।

४.१.५ आई.पि.एम.परजीवी प्रयोग प्रदर्शन

कृषकहरूलाई मित्र जीवहरूको पहिचान गरी सुरक्षा गर्न सक्ने र शत्रुजीवहरूको नियन्त्रण गर्न परजिवीहरूको प्रयोग प्रदर्शन गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

४.१.६ आई.पि.एम. एप्रोच प्रदर्शन

बाली नालीमा खास गरी फल कुहाउने औंसा कीरा नियन्त्रण गर्न यो प्रदर्शन सञ्चालन गरिन्छ । यस प्रदर्शनमा केवल फेरोमन ट्रयाप मात्र नराखी कृषकबाट गर्न सकिने अन्य क्रियाकलापहरू जस्तैः खेतवारीको सरसफाई, उपयुक्त समयमा सिंचाई गर्ने, आवश्यक मलखाद प्रयोग गर्ने कार्यलाई पनि संगसंगै लगिन्छ । यस किसिमको एप्रोच प्रदर्शन कृषि विकास शाखाको सहभागितामा वा कृषक स्वयंबाट स्थापित नमूना बगैंचामा यथासम्भव सञ्चालन गर्न उचित हुनेछ ।

**५. जिम्मेवार निकाय**

मुख्य जिम्मेवारी : नगरपालिका, कृषि विकास शाखा

### ६. कार्यक्रमको सम्भाव्य प्रतिफल

- ❖ नगरले निर्धारण गरेका पकेट क्षेत्रहरुमा कृषक समूह मार्फत कृषिमा उन्नत प्रविधिहरु स्थलगत रुपमा अध्ययन परिक्षणहरु राखि कृषक सहभागिता र छलफलबाट आ-आफ्नो खेतको पर्यावरणको अध्ययन गरि विषादीको प्रयोगलाई निरुत्साहित गरेर पर्यावरण प्रदुषित हुनबाट जोगाई कृषि उत्पादनमा वृद्धि ल्याउन कृषक स्वयंलाई दक्ष बनाउने ।
- ❖ यसरी विषादीको खपतमा कमि हुन पुगेको खण्डमा यसबाट भविष्यमा हुन सक्ने नकारात्मक असरबाट वातावरणलाई जोगाई विषादी आयात खर्च र स्वास्थ्य सुधार खर्चमा समेत कमी ल्याउन सकिने ।
- ❖ उत्पादन लागत घट्ने ।
- ❖ कृषकको ज्ञान र सीप बढी सशक्तिकरण हुने ।
- ❖ उत्पादन र आम्दानी बढ्ने ।
- ❖ कृषक समूहहरु सक्षम भई सहकारी उन्मुख हुने ।

### ७. कार्यक्रमको क्षेत्र विस्तार र दिगोपनाको सम्भाव्यता

कृषि विभाग, बाली संरक्षण निर्देशनालय अन्तर्गत National IPM Programme साविक जिल्ला कृषि विकास कार्यालय, स्थानीय निकाय तथा गैह्रसरकारी संस्थाबाट सञ्चालित कृषक पाठशालाहरुको सकारात्मक प्रभावलाई समेत ध्यानमा राखी क्षेत्र विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ । क्षेत्र विस्तार गर्दा पकेट क्षेत्रको आधारमा कृषक समूह मार्फत शुरुमा कृषकहरुलाई दक्ष बनाई अन्य समुदायहरुमा समेत विस्तार गर्दै लैजान सकिन्छ । स्थलगत रुपमा हुने यस्ता तालिमहरुले कृषकहरुको दक्षतामा वृद्धि ल्याउने विश्वास राखि आई.पि.एम. कृषक सहजकर्ता (IPM Farmer Facilitator) र आई.पि.एम. सहजकर्ता (IPM Facilitator) मार्फत कृषक पाठशालाहरु सञ्चालन गर्ने गरि प्रस्ताव गरिएको छ ।

प्रस्तावित आई.पि.एम. कृषक पाठशालाहरु बाली चक्र अनुसार बार्षिक रुपमा एक वा दुई वा तीन बाली अवधीका हुन सक्ने भएकोले तथा ति पाठशालाहरु आई.पि.एम. कृषक सहजकर्ता (IPM Farmer Facilitator) वा आई.पि.एम. सहजकर्ता (IPM Facilitator) मार्फत छुट्टाछुट्टै रुपमा सञ्चालन गरिनेछ । सञ्चालित कृषक पाठशालाहरुको दिगोपनाको लागि फलोअप (Follow-Up) कार्यक्रमहरु कृषक र विज्ञान (Farmer and Science) तथा आई.पि.एम. बजारीकरण, कृषकहरुको संजाल विकास, सहकारीकरणका कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

### ८. कार्यक्रमको प्रतिवेदन, अनुगमन तथा निरिक्षण

कृषक पाठशाला कार्यक्रम संचालन गर्ने कृषक समुहमा कार्यक्रमको अनुगमन तथा निरिक्षण नगर कृषि विकास समितिका सदस्यहरुले वा नगरका अन्य प्राविधिक/कर्मचारीबाट गर्न सकिनेछ । कृषक पाठशाला कार्यक्रमको प्रतिवेदन आई.पि.एम. कृषक सहजकर्ता वा आई.पि.एम. सहजकर्ताले कृषि विकास शाखामा नियमित रुपमा पेश गर्नुपर्नेछ ।

**कार्यालय/शाखा/संघ सस्था**

यस कार्यविधि निर्देशिकामा जे जस्तो उल्लेख भएता पनि संघिय संरचना कार्यन्वयन भएपछि लागु भएका कार्यालय/शाखा/संघ संस्थाहरुको हकमा यसै कार्यविधिमा उल्लेख भए अनुसार र खारेज भएका साविक कार्यालयहरुको हकमा उप्रान्त उक्त कार्यालयहरु सँग सम्बन्धित भई स्थापना भएका कार्यालय/शाखा वा उक्त अर्न्तगतका कार्यालयहरुले यस कार्यविधि अनुसार कार्यक्रम कार्यन्वयन गर्न गराउन सकिने छ ।

**निर्देशिका तथा नर्म्स**

यस **आई.पि.एम. कृषक पाठशाला संचालन कार्यविधि तथा नर्म्स, २०७५** कृषि विभाग, कृषि प्रसार निर्देशनालयले तयार गरेको निर्देशिका “कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका तथा नर्म्स २०७२/२०७३” को बार्षिक सघन आई.पि.एम. कृषक पाठशाला सञ्चालनको नर्म्स, २०६७ लाई श्रोत आधार वनाई तयार गरेको छ।

## १०. कृषक पाठशाला सञ्चालन अनुमानित लागत खर्च

| क.सं. | क्रियाकलाप | अनुमानित रकम रु. |
|---|---|---|
| **क.** | **गोष्ठि कार्यक्रम** | |
| १ | अन्तरक्रिया गोष्ठी आई.पि.एम. को महत्व, बाली पात्रो र आधारभुत तथ्यांक संकलन, समुहको महत्व, लैङ्गिक विश्लेषण, समस्या पहिचान, कार्यक्रम कार्ययोजना तयारीको लागि जम्मा खर्च रकम<br>१ पटक ५० जना (कृषक, जनप्रतिनिधी , प्राविधिक र अन्य सहभागी) हरूलाई खाजा चियापानी (रु.२००X५०X१) | १०,०००।०० |
| २ | शैक्षिक सामग्री खरीद तथा व्यवस्थापन खर्च १ पटक गोष्ठी<br>सञ्चालन गर्दा आवश्यक रजिष्टर, कापी, डटपेन, सिसाकलम, मार्करपेन, चार्टपेपर | ५,०००।०० |
| **ख.** | **तालिम संचालन** | |
| १ | स्थलगत तालिम सञ्चालन<br>● २५ जनालाई रु. १०० का दरले १४ हप्तासम्म (चौध पटक) खाजा चियापान खर्च (२५X१००X१४) | ३५,०००।०० |
| २ | तालिम सञ्चालन सामग्री<br>● कृषक पाठशाला ब्यानर बोर्ड - रु. १५००<br>● ह्वाईट बोर्ड - रु. २५००<br>● कलर पेन - रु. ५००,<br>● ब्राउन पेपर - रु. १०००,<br>● स्केल - रु. २५०,<br>● मार्कर पेन - रु. ५००,<br>● कैंची - रु. २००,<br>● फोटोकपी पेपर - रु.४००,<br>● मास्किङ्ग टेप - रु.१५०,<br>● गम - रु.१००<br>● डायरी र पेन - रु.२५०० | ९,६००।०० |
| ३ | ● प्रशिक्षक भत्ता १ जनालाई (कार्यपत्र तथा कक्षा संचालन)<br>अधिकृत स्तरीय – रु. ९०० का दरले (१X९००X१४) | १२,६००।०० |

| | | |
|---|---|---|
| | सहायक स्तरीय – रु. ७०० का दरले ( १X७००X१४) | |
| ४. | उत्पादन सामग्रीहरु (बीउ/बेर्ना, मल, विषादी, हजारी, अन्य आवश्यक सामग्री) एक मुष्ठ खरिद खर्च | १३,९०० ।०० |
| **ग.** | **कृषक पाठशाला दिवस** | |
| १ | ● आमन्त्रित जनप्रतिनिधी, जिल्ला तथा नगर स्तरिय कार्यालय प्रमुख तथा अन्य सहभागी कृषकहरू गरी जम्मा ५० जनालाई रु. २०० का दरले खाजा चियापान खर्च (५०X२००) | १०,०००।०० |
| २ | प्रथम, द्वितिय र तृतिय हुने कृषकलाई पुरस्कार रकम क्रमशः रु.१०००, ८०० र ७०० | २,५००।०० |
| ३ | पुरस्कृत कृषकहरुलाई प्रमाण पत्र वितरण खर्च<br>३ जना लाई ५० को दरले (३X५०) | १५०।०० |
| ४ | कृषक पाठशालामा सहभागि हुने कृषकहरुलाई प्रमाण पत्र खर्च रकम २५ जना लाई ५० को दरले<br>(२५X५०) | १२५०।०० |
| **घ.** | **कार्यक्रम अनुगमन तथा निरिक्षण** (कृषि विकास शाखाको अनुगमन, भ्रमण खर्च शि.बाट नियमानुसार भुक्तान हुने ) | |
| | **कृषक पाठशाला सञ्चालन जम्मा खर्च** | **१,०००००।००** |